बैठक मिति: २०७६/०१/४

छलफल तथा निर्णय

१. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास परिषद्का अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय योजना आयोगले तयार गरेको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधार-पत्रको मस्यौदाउपर छलफल गरी सुझाव एवम् निर्देशन प्राप्त गर्नका लागि मिति २०७५ चैत्र २० र २१ गते काठमाडौंमा आयोजना भएको राष्ट्रिय विकास परिषद्, २०७५ को बैठकमा अध्यक्षता गर्नुभई मार्गनिर्देशन समेत दिनुभएकोमा आयोगको तर्फबाट आभार प्रकट गर्ने । साथै उक्त बैठकमा उपस्थित भई आफ्ना राय/सुझाव व्यक्त गर्नुहुने परिषद्का सदस्यहरु, आमन्त्रित महानुभावहरु, सञ्चारकर्मी तथा पत्रकार र आयोगका सम्पूर्ण कर्मचारीहरु लाई धन्यवाद ज्ञापन गर्ने ।

२. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास परिषद्का अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७५ चैत्र २० र २१ गते काठमाडौंमा सम्पन्न राष्ट्रिय विकास परिषद्, २०७५ को बैठकको कार्यबाही विवरण सम्बन्धी प्रतिवेदन परिमार्जन सहित स्वीकृत गर्ने ।

३. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५/०९/३ गते बसेको अन्तर प्रदेश परिषद्को बैठकले स्वीकृत गरेको 'संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना' को बुँदा नं. १२(ग) मा उल्लेखित 'संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने आयोजनाको वर्गीकरण गर्ने' कृयाकलाप यस आयोग र संघका पूर्वाधार सँग सम्बन्धित मन्त्रालयलाई २०७६ बैशाखसम्मको समयसीमा सहित जिम्मेवारी तोकिएकोमा बैठकमा प्रस्तुत 'संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने कार्यक्रम तथा आयोजनाको वर्गीकरण सम्बन्धी मापदण्ड, २०७६' लाई प्राप्त सुझावहरु समावेश गरी परिमार्जन सहित नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रकृया अघि बढाउने ।

४. विभिन्न निकायबाट आयोगको राय/परामर्शका लागि प्राप्त हुन आउने कुनै पनि नीति, कानुन, विधेयकको मस्यौदा तथा नियमावली लगायतका दस्तावेजहरु सम्बन्धित महाशाखाले विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यको समन्वयमा त्यस्ता दस्तावेज प्राप्त गरेको एक हप्ता समयावधि भित्र महाशाखाको राय सहित आयोगको बैठकमा पेश गर्ने व्यवस्था मिलाउने ।